༄༅། །སོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྐྱི་ཁྲིབ་ལྷན་ཁང་།

# सोलुदुधकुण्ड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल

प.सं.२०८०/०८१

च.नं.

## सेवा करारवाट कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी सूचना।

**(प्रथम पटक प्रकाशित मितिः- २०८१/०२/३०)**

वैदेशिक रोजगारीको क्षेत्रलाई सुरक्षित एवं मर्यादित बनाउने उद्धेश्यले वैदेशिक रोजगार सम्बन्धी आवश्यक सूचना तथा जानकारी प्रवाह गर्नका लागि सोलुदुधकुण्ड नगरपालिकालाई सुरक्षित आप्रवासनका लागि आप्रवासी स्रोत केन्द्र (सहायता कक्ष) (संचालन तथा व्यवस्थापन) सम्बन्धी निर्देशिका, २०८० वमोजिम ***महिला सहजकर्ता*** सेवा करारमा लिनुपर्ने भएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा तोकिएको ढाँचामा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। थप जानकारीको लागि नगरपालिकाको वेभसाईट www. solududhkundamun.gov.np मा हेर्न सकिनेछ।

| क्र.स. | विज्ञापन नं. | सेवा | पद | तह | संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ६/०८०/०८१ | करार | सहजकर्ता | सहायक स्तर पाचौं | १ | १,०००/- |

**१. आवश्यक न्युनतम योग्यताः**

क) नेपाली नागरिक,

ख) उमेर एक्काईस वर्ष पुरा भई चालिस वर्ष ननाघेको महिला,

ग) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको,

घ) आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा छ महिना तालिम प्राप्त गरेको,

ङ) नेपाली तथा अंग्रेजी भाषाको ज्ञान भएको तथा दुवै भाषामा कम्प्युटर टाइप गर्न सक्ने ,

च) अनलाइन डाटा इन्ट्री र प्रतिवेदन सम्बन्धमा ज्ञान भएको,

छ) सूचना तथा परामर्श सम्बन्धी ज्ञान तथा अनुभव भएको,

ज) सम्बन्धित जिल्लाको सामाजिक, राजनीतिक तथा आर्थिक परिवेशको ज्ञान भएको,

झ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सम्बन्धमा ज्ञान भएको,

ञ) स्थानीय भाषा सामान्य रुपमा जान्न र बुझ्न सक्ने।

**२. दरखास्त दिने अन्तिम मितिः** २०८१/०३/१३ गते कार्यालय समयभित्र ।

**३. छनौटको किसिमः** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता।

**(नोटः** वैदेशिक रोजगारीबाट फर्किएकालाई विशेष प्राथमिकता दिइनेछ।)

२०८१/२/३०

..........................

कोपिला राई

प्रमुख प्रशासकीय अधिकृत

Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np
Email- solududhkundamun@gmail.com